राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 8 No. 162 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Chaitra 2080 (March/April-2024)

## वरिष्ठ कलाकारद्वय नेपाल टेलिकमको ब्रान्ड एम्बेसडर नियुक्त



नेपाल टेलिकमले मुलुकको हास्यव्यंग्य तथा कलाकारिताको क्षेत्रमा विशिष्ट पहिचान बनाई महजोडीको रुपमा चिनिनु भएका कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई आगामी एक वर्षका लागि 'ब्रान्ड एम्बेसडर' नियुक्त गरेको छ। नेपाल टेलिकम केन्द्रीय कार्यालयमा गत फागुन १८ गते आयोजित एक कार्यक्रममा सो सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको हो।

सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) तथा कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले हस्ताक्षर गर्नुभयो।

सो अवसरमा प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले नेपाली कला क्षेत्रका दुई नक्षत्रसँगको कम्पनीको आवद्धता महत्वपूर्ण रहेको र ब्रान्ड एम्बेसडर मार्फत कम्पनीका विभिन्न सेवाहरुका बारेमा जनतालाई समयमै सुसूचित गर्ने कार्यमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा ब्रान्ड एम्बेसडरद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले स्वदेशी लगानी भएको नेपाल टेलिकम जस्तो गरिमामय सरकारी निकायसँग आवद्ध हुन पाउँदा गौरवान्वित महसुस भएको बताउनुभएको थियो।

मुलुकको कलाकारिता तथा सञ्चारको क्षेत्रमा विशिष्ट पहिचान बनाएका ब्रान्ड एम्बेसडरहरुको संलग्नताबाट कम्पनीका ग्राहकवर्गले कम्पनीका विविध सेवा सम्बन्धमा सहज रुपले जानकारी प्राप्त गर्ने र कम्पनीले आफ्ना सेवाहरुको प्रवर्द्धन गरी सशक्त रुपमा जनता समक्ष सेवा विस्तार गर्ने कार्यमा सहयोग मिल्ने अपेक्षा गरिएको छ।

यसैगरी सञ्चारकर्मी श्री पाण्डे र डा. सन्तोष उपाध्यायलाई कम्पनीले यस अघि नै 'ब्रान्ड प्रमोटर' नियुक्त गरिसकेको छ।

## विपद् जोखिम न्यूनीकरणमा योगदान पुऱ्याएकोमा नेपाल टेलिकम सम्मानित




विपद् जोखिम न्यूनीकरणको लागि अतुलनीय योगदान पुऱ्याएकोमा नेपाल टेलिकम सम्मानित भएको छ। जल तथा मौसम विज्ञान विभागले विभागबाट सम्प्रेषण गरिने पूर्वसूचना सन्देशहरु २०७३ साल देखि अनवरत रुपमा निःशुल्क मास एसएमएस सेवामार्फत सर्वसाधारणमा पुऱ्याई विपद् जोखिम न्यूनीकरणको लागि अतुलनीय योगदान पुऱ्याएकोमा नेपाल टेलिकमको भूमिकाको उच्च कदर गर्दै कदर पत्र प्रदान गरेको हो।

गत चैत ८ गते काठमाडौंमा आयोजित नेसनल वर्कसप अन अर्ली वार्निङ सिस्टम (National Workshop on Early Warning System) कार्यक्रममा जलस्रोत तथा सिंचाई सचिव सुशिल चन्द्र तिवारीले नेपाल टेलिकमलाई सो कदर पत्र प्रदान गर्नुभएको हो।

नेपाल टेलिकमका हाल देशैभर रहेका दूरसञ्चार पूर्वाधारहरु जल तथा मौसम विज्ञान विभागको Early Warning System अन्तर्गतको Communication and Dissemination प्रयोजनको लागि प्रयोग भइरहेका छन्। यस अनुसार विपद् जोखिम क्षेत्रमा सूचना संकलन र सूचना प्रवाहका लागि यी पूर्वाधारहरु प्रयोग भएका छन्।

सूचना संकलन अन्तर्गत बाढी पहिरो लगायतका विपद् जोखिम क्षेत्रमा रहेका Weather Station हरुबाट जल तथा मौसम विज्ञान विभागको केन्द्रीय सर्भरमा मौसम सम्बन्धी सूचना संकलनको लागि नेपाल टेलिकमका सिमकार्डमार्फत एमटुएम (M2M) प्रविधिको प्रयोग गरी कनेक्टिभिटी उपलब्ध रहेको छ। नेपाल टेलिकमले यसका लागि ३०० एमबी डाटा सुविधा सहितको सिमकार्ड उपलब्ध गराएको छ।

त्यसैगरी सम्बन्धित क्षेत्रमा रहेका नागरिकहरुमा सम्भावित जोखिमबाट सतर्क गराउन ११५५ कोडबाट पूर्वसूचना प्रवाह गरिरहेको छ। यसका लागि नेपाल टेलिकमले सो क्षेत्रका मोबाइल सेवाका ग्राहकहरुको नम्बर मौसम विज्ञान विभागलाई उपलब्ध गराउदै आएको छ भने सबै सेवा निःशुल्क रुपमा उपलब्ध गराइरहेको छ।

विपद्को पूर्वजानकारीले क्षति न्यूनीकरण गर्न सकिने तथा मानवीय क्षति हुन नदिन वा कम गर्न सकिने भएकोले कम्पनी र जल तथा मौसम विज्ञान विभागबीच सहकार्य गरिएको हो। यो सहकार्य २०७३ सालदेखि नै निरन्तर रहेको छ।

# अब सस्तो दरमा डाटा रोमिङ

नेपाल टेलिकमले विदेशमा नेपाल टेलिकमकै सिम प्रयोग गर्ने प्रयोगकर्ताहरुका लागि पहिले भन्दा निकै नै सस्तो दरमा डाटा रोमिङ सेवा उपलब्ध गराएको छ । यसरी विदेशमा भएका नेपाल टेलिकमका प्रयोगकर्ता (Outbound Roamer) हरुले रोमिङ सेवा प्रयोग गर्दा सबैभन्दा बढी डाटा रोमिङ सेवा प्रयोग गर्ने गरेको र सेवा सञ्चालनमा रहेको मुलुकमा रहेका रोमिङ पार्टनरहरुसँग गरिएको सम्झौता अनुसार उक्त महशुल दरमा भारी कटौती भएकोले थप सस्तो दररेटमा सेवा सञ्चालन गरिएको हो ।

यस अनुसार अब नेपाल टेलिकमको पोस्टपेड तथा प्रिपेड सिम प्रयोगकर्ताहरुले विश्वमा रहेका २८ देशका रोमिङ पार्टनरहरुको नेटवर्कमा आवद्ध भई डाटा रोमिङ सेवा प्रयोग गर्दा सस्तो मूल्यमा डाटा सेवा उपलब्ध हुनेछ ।

अब नेपाल टेलिकमकै पोस्टपेड तथा प्रिपेड सिम प्रयोग गरी अस्ट्रिया, बहराइन, बंगलादेश, बेल्जियम, क्यानडा, चीन, ग्रीस, हंगेरी, आयरल्यान्ड, इजरायल, इटाली, जापान र कोरियामा सस्तो दरमा डाटा रोमिङ सेवा उपलब्ध हुनेछ । त्यसैगरी मलेसिया, म्यानमार, नेदरल्यान्ड, ओमान, पाकिस्तान, फिलिपिन्स, कतार, साउदी अरेयिबा, सिंगापुर, श्रीलंका, स्विजरल्यान्ड, युएई, युके, युएसए र भियतनाममा समेत सस्तो दरमा डाटा रोमिङ सेवा प्रयोग गर्न सकिने छ ।

रोमिङ सेवा र यसको महसुल दर बारेमा विस्तृत विवरण यो लिंक https://www.ntc.net.np/services/international-roaming मा हेर्न सकिन्छ ।

डाटा रोमिङ सुविधा प्रयोग गर्नका लागि ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गरेको हुनुपर्दछ । पोस्टपेड तथा प्रिपेड ग्राहकहरुले नेपालमै रहँदा आफ्नो मोबाइलबाट *1415*7# डायल गरी वा प्रिपेड ग्राहकहरुले नेपाल टेलिकम एप मार्फत अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गर्न सकिने छ ।

परिमार्जित दररेट सस्तो र सुलभ हुने भएकोले रोमिङ सेवा प्रयोगकर्ताहरुका लागि डाटा रोमिङ सेवा उपयोगी हुने र सेवा प्रयोग गर्ने परिपाटीमा वृद्धि हुने अपेक्षा कम्पनीको रहेको छ ।

# एनटी फाइबर चलाउँदा दैनिक रुपमा मोबाइलमा डाटा

नेपाल टेलिकमको एनटी फाइबर प्रयोग गर्दा मोबाइलमा दैनिक रुपमा मोबाइल डाटा प्रयोग गर्न सकिन्छ । नेपाल टेलिकमले उपलब्ध गराइरहेको एफटीटीएच (फाइबर टु द होम) प्रविधिमा आधारित एनटी फाइबरका विभिन्न प्याकेज लिँदा त्यसै अनुसारको मोबाइल डाटा उपलब्ध हुन्छ ।

नेपाल टेलिकमले उपलब्ध गराइरहेको विभिन्न प्याकेज मध्ये वार्षिक एफटीटीएच कम्बो प्याकेज (Annual FTTH Combo Package) र एफटीटीएच डाटा प्याकेज (FTTH Data Package) प्रयोग गर्ने प्रयोगकर्ताहरुले यो सुविधा प्राप्त गर्न सक्नेछन् ।

वार्षिक एफटीटीएच कम्बो प्याकेज अन्तर्गत ५० एमबीपीएस र १०० एमबीपीएस डाटाका साथै १ एनटीटीभी र १ टेलिफोन प्रयोग गर्ने सेवाग्राहीले दैनिक रुपमा आफ्नो मोबाइलमा क्रमश: ६०० एमबी र ८०० एमबी डाटा प्रयोग गर्न सक्नेछन् ।

एफटीटीएच डाटा प्याकेज प्रयोग गर्ने सेवाग्राहीलाई पनि त्यसै अनुसार मोबाइलमा समेत डाटा प्रयोग गर्न सकिने सुविधा उपलब्ध छ । यस अनुसार ५० एमबीपीएस, ७५ एमबीपीएस र १०० एमबीपीएस डाटा प्रयोगकर्ताले दैनिक रुपमा क्रमश: ६०० एमबी, ७०० एमबी र ८०० एमबी डाटा प्रयोग गर्न सक्नु हुन्छ भने १५० एमबीपीएस र २०० एमबीपीएस डाटा प्रयोगकर्ताले दैनिक रुपमा क्रमश: ९०० एमबी र १००० एमबी डाटा प्रयोग गर्न सक्नेछन् ।

आफूलाई आवश्यकता अनुसार उपयुक्त स्पिडको इन्टरनेट चलाउन, टेलिफोन गर्न, टेलिभिजन हेर्न र मोबाइलमा डाटा समेत चलाउन सकिने भएकाले नेपाल टेलिकमले उपलब्ध गराइरहेको एनटी फाइबर सेवा हाल लोकप्रिय बन्दै गएको छ ।

एनटी फाइबर सेवा प्राप्त गर्न चाहने सेवाग्राहीहरुले १९८ मा डायल गरी प्राप्त सन्देशपश्चात फेरि १ डायल गरी आफूलाई आवश्यक पर्ने सेवा र स्थानका बारेमा पहिले नै माग दर्ता गर्न सकिने छ । त्यसपछि कम्पनीका प्रतिनिधिले आवश्यक जानकारी दिने व्यवस्था गरिएको छ ।

नेपाल टेलिकमले उपलब्ध गराइरहेको विभिन्न दरको एनटी फाइबर सेवा बारेमा https://www.ntc.net.np/tariff/ftth-tariff मार्फत जानकारी लिन सकिन्छ । त्यसैगरी 'नेपाल टेलिकम' एप प्रयोग गरेर पनि एनटी फाइबर र कम्पनीका अन्य विभिन्न सेवाका बारेमा जानकारी लिन सकिन्छ ।

# देशभर Nepal Telecom On Wheel कार्यक्रम चल्दै

नेपाल टेलिकमले सञ्चालनमा ल्याएको 'नेपाल टेलिकम अन हिवल' नामक घरदैलो कार्यक्रमलाई देशभर तीव्रता दिइएको छ । नेपाल टेलिकमको २०औं वार्षिकोत्सवको अवसरमा दूरसञ्चार कार्यालय, सुन्धाराबाट सुरुवात गरिएको सो कार्यक्रम हाल विभिन्न प्रदेशमा समेत विस्तार भएको छ ।

गत फागुन २४ गते दूरसञ्चार कार्यालय, हेटौंडामा प्रादेशिक निर्देशनालय, काठमाडौं, बागमती प्रदेशका निर्देशक रिना डंगोलबाट सो कार्यक्रमको शुभारम्भ गरियो । यस भन्दा पहिले दूरसञ्चार कार्यालय, ठेचो र अन्य कार्यालयमा समेत नेपाल टेलिकम अन हिवलको शुभारम्भ भइसकेको छ ।

सुदूरपश्चिम प्रदेशमा गत चैत ७ गते यो कार्यक्रमको शुभारम्भ गरिएको छ । सुदूरपश्चिम प्रादेशिक निर्देशनालयका निर्देशक किशोर कुमार भट्टले दूरसञ्चार कार्यालय, धनगढीमा आयोजित कार्यक्रममा नेपाल टेलिकम अन हिवलको शुभारम्भ गर्नुभएको थियो ।

यसैगरी यो कार्यक्रम लुम्बिनी प्रदेशमा गत फागुन १३ गते निर्देशक अनन्त प्रकाश मल्लिकबाट शुभारम्भ गरियो भने गण्डकी प्रदेशमा गत फागुन १९ गते निर्देशक इन्दल यादवबाट शुभारम्भ गरियो ।



हेटौंडा

नेपाल टेलिकमले हाल सञ्चालनमा ल्याएको नेपाल टेलिकम अन हिवल कार्यक्रम अन्तर्गत शनिबार तथा अन्य बिदाको दिनमा समेत सवारी साधनमार्फत सेवाग्राहीको घरदैलोमै पुगी कम्पनीका विभिन्न सेवाहरु उपलब्ध गराइने छ । नयाँ सिमकार्ड वितरण, सिम परिवर्तन, डाटा तथा टेलिफोन सेवा उपलब्ध गराउनुका साथै मर्मत सम्भार कार्यहरु पनि यस अभियानमार्फत सम्पन्न हुनेछ ।



धनगढी


ठेचो

## जनकपुर साहित्य महोत्सवमा सहभागिता



नव मिथिला फाउन्डेसनले आयोजना गरेको जनकपुर साहित्य महोत्सवमा नेपाल टेलिकमले सहभागिता जनाएको छ । गत फागुन १० देखि १२ गते सम्म जनकपुरधामको राम मन्दिर पार्कमा सम्पन्न उक्त महोत्सवमा कम्पनीको व्यवसाय प्रवर्द्धन हुने विभिन्न कार्य गरिएको थियो ।

कार्यक्रम स्थलमा कम्पनीका विभिन्न सेवा बारेमा जानकारीमूलक सामग्री सहितका ब्यानर राखिएको थियो भने फ्लेक्स बोर्ड तथा अन्य विभिन्न माध्यमबाट हुने प्रचार प्रसार आदिमा कम्पनीलाई सेसन प्रायोजकको रुपमा प्रस्तुत गरी 'नेपाल टेलिकम राष्ट्रको सञ्चार' अंकित नाम तथा लोगो स्पष्ट देखिने सामग्री राखिएको थियो ।

**मधेश प्रदेश गतिविधि**

सो अवसरमा कम्पनीबाट उक्त स्थलमा टेन्ट तथा विभिन्न किसिमका ब्यानर राखिनुका साथै स्थानीय स्वयंसेवकबाट कम्पनीका सेवा सम्बन्धी जानकारीमूलक फ्लायर, ब्रोसर आदि वितरण गरिएको थियो ।

## T-20 Cricket Tournament 2080 सम्पन्न



नेपाल टेलिकमको २०औं वार्षिकोत्सवको अवसरमा कम्पनीका कर्मचारीहरु बिच आयोजित 20th Anniversary Cup T-20 Cricket Tournament 2080 सम्पन्न भएको छ । गत फागुन २६ गते प्रमुख व्यावसायिक अधिकृत विनिता श्रेष्ठद्वारा शुभारम्भ गरिएको टुर्नामेन्ट फागुन २८ गते समापन भएको थियो । काठमाडौंको मुलपानीस्थित क्रिकेट ग्राउन्डमा सम्पन्न सो प्रतियोगितामा चार टिम फोरजी रोयल्स, एफटीटीएच वारियर्स, आईटी राइडर्स र सेन्ट्रल जायन्ट्स बिच प्रतिस्पर्धा भएको थियो । फाइनलमा एफटीटीएच वारियर्सले सेन्ट्रल जायन्ट्सलाई हराउँदै ट्रफी हात पार्न सफल भयो । (बाँकी पृष्ठ ४ मा)

### MBS Expo विराटनगर

मोरङ व्यापार संघले गत पुस महिनामा आयोजना गरेको MBS Expo 2080 मा टेलिकम पार्टनरको रुपमा नेपाल टेलिकम सहभागी भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालबाट समुद्घाटन भएको उक्त एक्स्पोमा नेपाल टेलिकमको स्टल रहेको थियो ।

सो अवसरमा स्टल अवलोकनका लागि आउने अवलोकनकर्ताहरुलाई कम्पनीको सर्वेक्षण फारम भर्न लगाई सर्वेक्षण फारम भर्ने मध्येबाट दैनिक एक जनालाई एक वर्षको निःशुल्क एफटीटीएच प्याकेज तथा दुई जनालाई रु. ५०० को रिचार्ज कार्ड प्रदान गरिएको थियो । प्रत्येक दिन साँझ सम्पन्न भएको सास्कृतिक कार्यक्रममा लक्की ड्रमार्फत अतिथि कलाकारहरुबाट सो घोषणा गरिएको थियो ।

यसका साथै आयोजक संस्थाले प्रतिस्पर्धात्मक प्रतियोगिताको रुपमा आयोजना गरेको Dancing Star/Singing Star का विजेतालाई समेत १ वर्षका लागि एफटीटीएच प्याकेज निःशुल्क उपलब्ध गराइएको थियो । सो अवसरमा सिम तथा अन्य सेवा समेत वितरण गर्नुका साथै कम्पनीका उपलब्ध विभिन्न सेवाका बारेमा जानकारी प्रदान गरिएको थियो ।

१५ दिन सम्म चलेको सो एक्स्पो करिब ५ लाख अवलोकनकर्ताले अवलोकन गरेको आयोजकको भनाइ छ । प्रा.नि. विराटनगर तथा दू.सं.का. विराटनगरको संयोजनमा नेपाल टेलिकमले एक्स्पोमा सहभागिता जनाएको थियो ।

### धरान एक्स्पो २०८०

सुनसरी उद्योग संगठनको आयोजनामा फाल्गुण महिनामा धरानमा आयोजना भएको धरान एक्स्पो २०८० मा नेपाल टेलिकम सहयोगकर्ताको रुपमा रहेको थियो । उक्त एक्स्पोको उद्घाटन तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीबाट भएको थियो । उक्त एक्स्पोमा दूरसञ्चार कार्यालय धरानमार्फत कम्पनीको स्टल सञ्चालन भएको थियो । स्टल मार्फत निःशुल्क सिम वितरण गर्नुका साथै कम्पनीको विभिन्न सेवाहरुको जानकारीमुलक Leaflet वितरण गर्ने कार्य समेत भएको थियो । उक्त एक्स्पो ११ दिन सम्म सञ्चालन भएको थियो ।

### क्यान इन्फोटेक सुनसरी २०८०

कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ) सुनसरीको आयोजनामा इटहरीमा फाल्गुण महिनामा भएको क्यान इन्फोटेक सुनसरी २०८० मा कम्पनीको स्टल राखी रु.९० मा सिम वितरण गर्ने तथा कम्पनीका विभिन्न सेवाहरुको जानकारीमूलक Leaflet वितरण गर्ने कार्य सम्पन्न भएको थियो । दू.सं.का. इटहरीमार्फत सो स्टल सञ्चालन गरिएको थियो । सो इन्फोटेक ५ दिन सम्म सञ्चालन भएको थियो ।

## कोशी प्रदेश गतिविधि




### महाशिवरात्री महोत्सव

नाइन स्टार युवा क्लब, धर्मदेवी न.पा. संखुवासभाद्वारा महाशिवरात्रीको अवसरमा फाल्गुण महिनामा आयोजना गरिएको महाशिवरात्री महोत्सवमा दूरसञ्चार कार्यालय धनकुटामार्फत कम्पनीको स्टल सञ्चालन भएको थियो । स्टलमार्फत निःशुल्क सिम वितरण गर्नुका साथै कम्पनीको विभिन्न सेवाहरुको जानकारी मुलक Leaflet वितरण गर्ने कार्य समेत भएको थियो । उक्त मेला ९ दिन सम्म सञ्चालन भएको थियो ।

### फुटबल प्रतियोगितामा सहयोग

रेड हर्स फुटवल क्लव इलामद्वारा माघ महिनामा आयोजना गरिएको प्रथम इलाम गोल्डकप फुटबल प्रतियोगितामा कम्पनीको तर्फबाट कम्पनीको व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता अवधिभर विज्ञापन बोर्ड राखिएको थियो । उक्त बोर्डमा कम्पनीका विभिन्न सेवाहरुको बारेमा जानकारीमूलक सामग्री राखिएको थियो । यी सबै कार्यको व्यवस्थापन दू.सं.का. इलाममार्फत भएको थियो । उक्त प्रतियोगिता ८ दिन सम्म सञ्चालन भएको थियो ।

### घरदैलो कार्यक्रम

नेपाल टेलिकम, प्रा.नि. विराटनगर अन्तर्गत कटहरी गाउँपालिकाको वडा कार्यालयहरु १,२,३ र ४ तथा ती वडाका विभिन्न गाउँ र टोलहरुमा गत फागुन ६ देखि विभिन्न मितिमा बिहान ७ बजे देखि नै सिम बिक्री-वितरण गरियो । विराटनगरदेखि नजिकै रहेको नयाँ बजारस्थित बीटीएसमा टुजी, थ्रीजी र फोरजीको ट्राफिक अत्यन्तै कम भएको रिपोर्ट अनुसार सो क्षेत्र वरपर ट्राफिक बढाउने उद्देश्यका साथ सो कार्य भएको थियो ।



सिम बिक्री-वितरणका क्रममा अन्य सेवा प्रदायकको सिम प्रयोगकर्ता ग्राहकहरु समेत रहेका र नेपाल टेलिकमको सिममा इन्टरकनेक्सन गर्दा धेरै शुल्क लाग्ने भ्रम रहेकोले सो भ्रम चिर्ने प्रयास गरिएको थियो । सो अवसरमा प्रा.नि. तथा दू.सं.का. विराटनगरबाट खटिएका कर्मचारीहरुले नेपाल टेलिकमको सिमबाट अन्यमा समेत सस्तो दरमा कल गर्न सकिने अल नेटवर्क प्याकेजको बारेमा जानकारी प्रदान गरेका थिए ।

गाउँगाउँ तथा चोकचोकमा पुगेर नेपाल टेलिकमले सिमका साथै आवश्यक जानकारी उपलब्ध गराएकोमा सेवाग्राहीहरु उत्साहित र हर्षित देखिन्थे । आगामी दिनमा यस प्रकारको कार्यक्रम अन्य कार्यालयमा समेत गरिने बताइएको छ ।

# सुदूरपश्चिम प्रदेश गतिविधि

नेपाल टेलिकम, धनगढीमा आयोजित एक कार्यक्रमका बिच गत चैत ७ गते 'नेपाल टेलिकम अन ह्विल' कार्यक्रमको शुभारम्भ गरियो । प्रादेशिक निर्देशनालय, अत्तरिया, सुदूरपश्चिमका निर्देशक किशोरकुमार भट्टद्वारा शुभारम्भ गरिएको सो कार्यक्रम हाल विभिन्न स्थानमा सञ्चालन भइरहेको छ ।




सुदूरपश्चिम प्रदेश अन्तर्गतका विभिन्न कार्यालय समेतको समन्वयमा कम्पनीका सेवा बारेमा सेवाग्राहीलाई जानकारी प्रदान गर्ने र सेवा बिक्री गर्ने कार्य समेत भइरहेका छन् ।

गत फागुन २४ देखि चैत ४ गते सम्म डडेल्धुरा उद्योग वाणिज्य संघको आयोजनामा सञ्चालित सुदूरपश्चिम प्रदेश स्तरीय कृषि, पर्यटन, कला, संस्कृति, खेलकुद एवम् छैटौं डडेल्धुरा महोत्सवमा समेत नेपाल टेलिकम मुख्य प्रायोजक रहेको थियो । सो अवसरमा कम्पनीले स्टल राखेर ४०० थान सिम बिक्री गर्नुका साथै विभिन्न माध्यमद्वारा कम्पनीका सेवा बारेमा जानकारी प्रदान गरेको थियो ।

कञ्चनपुर उद्योग वाणिज्य संघद्वारा आयोजित सुदूरपश्चिम प्रदेश स्तरीय औद्योगिक व्यापार मेला तथा कञ्चनपुर पर्यटन महोत्सवमा नेपाल टेलिकम मुख्य प्रायोजक रहेको थियो । गत फागुन २१ देखि ३० गते सम्म सम्पन्न सो महोत्सवमा नेपाल टेलिकमले स्टल राखी रु. १ का दरले ७१५ थान सिम बिक्री गरेको थियो । सो अवसरमा कम्पनीको सेवा प्रवर्द्धनका लागि विभिन्न कार्य गरिनुका साथै सेवाग्राहीको जानकारीका लागि विभिन्न ब्रोसर, ब्यानर तथा प्रचारप्रसार सामग्री राखिएको थियो ।

त्यसैगरी अत्तरिया उद्योग वाणिज्य संघको आयोजनामा पुस २६ देखि माघ ७ सम्म आयोजित महोत्सवमा कम्पनीका सेवा बारेमा ब्यानर र प्रचारप्रसार सामग्री राखी जानकारी प्रदान गरिएको थियो ।

गत पुस १ गते कम्पनीका सेवा बिक्री-वितरण गर्ने डिलरहरुका लागि एक दिने डिलर म्यानेजमेन्ट सिस्टम तालिम सम्पन्न भएको छ ।

कैलाली उद्योग वाणिज्य संघको आयोजनामा धनगढीमा गत मंसिर २२ देखि पुस २ सम्म आयोजित सुदूरपश्चिम महोत्सवमा समेत स्टल राखी १ हजार ५ सय थान भन्दा बढी सिमकार्ड बिक्री गरेको थियो ।

गत मंसिर ९ देखि २३ गते सम्म लिटल फ्लावर प्रिमियम लिग र टी-२० राष्ट्रिय सिनियर क्रिकेट प्रतियोगितामा कम्पनीका सेवा बारेमा जानकारी प्रदान गरिएको थियो ।

त्यसैगरी हरियाली प्रवर्द्धनका साथै सामाजिक उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यका साथ धनगढी नगरलाई हरियाली बनाउन ट्रि गार्ड राख्नमा कम्पनीले सहयोग गरेको छ ।

यी वाहेक एफटीटीएच र कम्पनीका अन्य सेवाका बारेमा ग्राहकलाई जानकारी प्रदान गर्नका लागि विभिन्न कार्य भइरहेका छन् ।

## T-20 Cricket ...

(पृष्ठ ३ को बाँकी)



प्रतियोगितामा प्लेयर अफ द टुर्नामेन्ट र बेस्ट बलर एफटीटीएच वारियर्सका विनोद रिमाल, बेस्ट फिल्डर आईटी राइडर्सका साजन वली तथा बेस्ट ब्याट्सम्यान सेन्ट्रल जायन्ट्सका रुवेश शर्मा भएका थिए ।

कार्यक्रम समापन समारोहमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले विजेता र रनर अपलाई ट्रफी र मेडल प्रदान गर्नुभयो । त्यसैगरी प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्याय, प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, प्रमुख मानव संसाधन अधिकृत सुरज सिंह थापा र ब्याकबोन प्रसारण निर्देशनालयका निर्देशक सविना प्रधान मास्केले विभिन्न उपाधि प्राप्त खेलाडीहरुलाई मेडल प्रदान गर्नुभएको थियो ।

सो अवसरमा प्रबन्ध निर्देशक पहाडीले खेलकुदले कर्मचारीहरुको कार्यमा उत्साह थप्ने बताउँदै यसबाट उत्पादकत्व बढाउन समेत सहयोग पुग्ने भएकाले नेपाल टेलिकमले कर्मचारीहरुका लागि समेत यस्ता कार्यक्रम आयोजना गरेको बताउनु भयो ।

सो प्रतियोगिताको संयोजन हिमालय स्पोर्ट्स म्यानेजमेन्ट प्रालिले गरेको थियो ।

# लुम्बिनी प्रदेश गतिविधि

गत फागुन २५ देखि चैत १ सम्म बामदेव घिमिरे स्मृति अक्षय कोष समितिद्वारा रुपन्देही जिल्लाको पक्लिहवा कृषि क्याम्पस परिसरमा सञ्चालित NTSC Cricket Premier League 2080 को अवधिभर कम्पनीको एफटीटीएच सेवा लगायत व्यापार प्रवर्द्धनात्मक कार्य गरिनुका साथै प्रायोजकको रुपमा नेपाल टेलिकम रहेको जानकारी गराउने उद्देश्यका साथ खेल मैदानमा सबैले देख्ने स्थानमा कम्पनीको लोगो राख्ने व्यवस्था गरिएको थियो ।

फागुन २९ र ३० गते रुपन्देही जिल्लाको ओमसतियास्थित 'नवयुवा खेलकुद तथा सांस्कृतिक परिवार, ओमसतिया' द्वारा आयोजित ११औं नवयुवा कप २०८० फुटबल खेल प्रादेशिक निर्देशनालयको समन्वयमा नेपाल टेलिकमले प्रायोजन गरेको थियो । त्यसैगरी फागुन १४ देखि १९ सम्म दाङको लमहीमा सञ्चालित दाङ क्रिकेट लिग (DCL-2) समेत प्रायोजन गरिएको थियो । यी दुवै खेल स्थलमा कम्पनीका सेवा बारेमा आवश्यक जानकारी प्रदान गरी व्यापार प्रवर्द्धनात्मक कार्य गरिएको थियो ।

लुम्बिनी प्रदेशमा नेपाल टेलिकमले विभिन्न कार्य गर्दै आएको छ । यो भन्दा पहिले पनि यो क्षेत्रमा यस्ता धेरै कार्य भएका छन् ।

२०८० माघ २३ गते आयोजित शीत गंगा कृषि पर्यटन तथा औद्योगिक व्यापार महोत्सव र दाङको घोराहीमा आयोजित दोस्रो लुम्बिनी प्रदेश स्तरीय दाङ एक्स्पो २०८० मा कम्पनीले विभिन्न व्यापार प्रवर्द्धनात्मक कार्य गरेको थियो ।




गत मंसिर ८ र ९ गते आयोजित नेपालगन्ज कन्क्लेभ र नवौं नेपालगन्ज म्याराथन २०८० को मुख्य प्रायोजन नेपाल टेलिकमले गरेको थियो । सो अवसरमा प्रतियोगीहरुलाई नेपाल टेलिकमको लोगो रहेको टिसर्ट वितरण गरिनुका साथै म्याराथनको सिलसिलामा जाँदा २१ किलोमिटर र फर्किंदा २१ किलोमिटरको बाटोमा पर्याप्त कम्पनीको सेवा र लोगो झल्किने ब्यानरहरु राखिएको थियो । पुरस्कार वितरणको समयमा समेत कम्पनीको व्यवसाय प्रवर्द्धन हुने गरी आवश्यक व्यवस्थापन गरिएको थियो ।

त्यसैगरी गत मंसिर ६ देखि १८ गते सम्म रुपन्देहीको सिद्धार्थनगर नगरपालिका अन्तर्गत अञ्चलपुरमा आयोजित छैटौं लुम्बिनी प्रादेशिक महोत्सवमा ब्यानर प्रायोजन गरी ब्रोसरहरु उपलब्ध गराइएको थियो । निःशुल्क स्टल उपलब्ध भएको सो महोत्सवमा कम्पनीका विभिन्न सेवा बारेमा आवश्यक जानकारी प्रदान गरिएको थियो ।

गत कात्तिक १५ देखि २२ गते सम्म बाँके जिल्लाको कोहलपुरमा अवस्थित १३ बिगाहा खेल मैदानमा आयोजना भएको मुख्यमन्त्री कोहलपुर गोल्ड कप २०८० कम्पनीले प्रायोजन गरेको थियो । प्रतियोगिता स्थलमा ब्यानर, फ्लेक्स बोर्ड तथा अन्य माध्यमबाट कम्पनीका सेवा बारेमा आवश्यक जानकारी प्रदान गरिएको थियो ।

लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भएका साइबर अपराध र यसको नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा सञ्चारमा महिलाको पहुँच लगायतका विभिन्न कार्यक्रम एवम् अन्य मनोरञ्जनात्मक कार्यक्रममा समेत नेपाल टेलिकम सहभागी बन्दै आएको छ ।

यो भन्दा पहिले गत भदौ ३ गते प्युठानको जुम्रीमा प्रादेशिक निर्देशनालय, भैरहवा लुम्बिनी प्रदेशले नेपाल टेलिकमको सेवा सम्बन्धी जानकारी तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माद्वारा उद्घाटन गरिएको सो कार्यक्रममा विभिन्न तहका जनप्रतिनिधिहरु, तत्कालीन वायरलेस सेवा निर्देशनालयका निर्देशक मिनु प्रधान र कम्पनीका अन्य कर्मचारीहरुका साथै प्युठान जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायतका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Santosh Khanal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal